नेपाल बीमा प्राधिकरणको द्वैमासिक बुलेटिन

वर्ष ३ अङ्क ५ २०८१ जेठ
(April-May, 2024)

# बीमा समाचार

## नेपाल बीमा प्राधिकरणको ५६औं वार्षिकोत्सव समारोह

## नागरिकको जीवन, सम्पत्ति र राष्ट्रिय सम्पत्तिको सुरक्षण गर्न सबैको ध्यान पुग्नुपर्छ : अध्यक्ष सिलवाल




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल प्राधिकरणको ५६औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणको ५६औं वार्षिकोत्सवका अवसरमा यही २०८१ साल जेठ १ गते काठमाडौंमा विशेष समारोह आयोजना गरिएको छ ।

समारोहलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्र सशक्त नभएसम्म वित्तीय क्षेत्र सशक्त हुन नसक्ने भएकाले बीमा क्षेत्रलाई अझै सशक्त बनाउन सरकार र वित्तीय क्षेत्रका नियामक निकायहरुको सहयोग आवश्यक रहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "नागरिकको जीवन, सम्पत्ति र राष्ट्रिय सम्पत्तिको आर्थिक सुरक्षण गर्न सबैको ध्यान पुग्नुपर्छ, यसबाट मुलुकको विकास र आर्थिक समृद्धिमा योगदान पुग्छ, प्रत्येक नागरिकको जीवन र सम्पत्तिको बीमा गरेर आर्थिक सुरक्षण गर्ने दायित्व राज्यको हो, सक्नेले बीमा गर्नुपर्ने र नसक्नेको बीमा राज्यले गरिदिने व्यवस्था गर्नु आवश्यक छ ।"

वित्तीय क्षेत्रका सबै नियामक निकायहरुबीचको सम्बन्धलाई अझ घनिभूत बनाउँदै अगाडि बढ्नु आवश्यक रहेको औंल्याउनुहुँदै अध्यक्ष सिलवालले बीमा सम्बन्धी सरकारी नीति तथा

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

**सल्लाहकारहरू**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री दिनेश कुमार लाल, निर्देशक
**सदस्यहरू**
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री प्रीति देव, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**प्रकाशक**
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर ।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

कार्यक्रमबाट बीमा क्षेत्रलाई फड्को मार्न मार्ग प्रशस्त हुने बताउनुभयो ।

अध्यक्ष सिलवालले आमरुपमा बीमा सम्बन्धी जानकारी पुऱ्याउन संचार माध्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुहँदै संचार माध्यमबाट आउने सुझावहरुलाई प्राधिकरणले आत्मसात गर्दै आएको उल्लेख गर्नुभयो ।

नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर डा. निलम ढुङ्गाना तिम्सिनाले मुलुकको आर्थिक विकास र वित्तीय स्थायित्वमा बीमा क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै बीमालाई हरेक आर्थिक क्रियाकलापमा अभिन्न अङ्गका रुपमा अगाडि बढाउनु आवश्यक रहेको बताउनुभयो ।

उहाँले देशमा उत्पादन तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउन र सुरक्षित गर्न बैङ्किङ तथा बीमा क्षेत्र सहकार्यका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) का अध्यक्ष सी.ए. सुजन कुमार काफ्लेले नियमनकारी निकायका रुपमा नेपाल बीमा प्राधिकरणले अनुकरणीय कार्य गर्दै आएको बताउनुभयो ।

उहाँले लेखा तथा वित्तीय साक्षरता अभिवृद्धि लगायतका विषयमा ICAN र प्राधिकरणले सहकार्य गर्दै आएको जानकारी दिनुभयो ।

नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारीले वित्तीय साक्षरता बढाउन, बीमाको पहुँच बढाउन र बीमा व्यवसायलाई प्रतिस्पर्धी बनाउन प्राधिकरणको नेतृत्वले अनुकरणीय भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै प्राधिकरणको निरन्तर प्रयासबाट बीमा दाबी भुक्तानीमा हाल सुधार आई चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा जीवन बीमातर्फ रू. २६ अर्ब ५५ करोड र निर्जीवन बीमातर्फ रू. १२ अर्ब ३७ करोड गरी कूल रू. ३८ अर्ब ९२ करोड बराबरको बीमा दाबी फछ्र्यौट भएको जानकारी दिनुभयो ।

समारोहमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव फणिन्द्र गौतम, पूर्वकानून सचिव धनराज ज्ञवाली, लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डका अध्यक्ष, नेपाल बीमा प्राधिकरणका संचालक समितिका सदस्य, प्राधिकरणका पूर्वअध्यक्ष, वैदेशिक रोजगार विभाग, यातायात व्यवस्था विभाग, कृषि विभाग, पशु र सेवा विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, बैदेशिक रोजगार बोर्ड, वित्तीय जानकारी इकाई, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, कर्मचारी संचय कोष र नागरिक लगानी कोषका पदाधिकारीहरु उपस्थित हुनुहुन्थ्यो ।

यसैगरी, नेपाल जीवन बीमक सङ्घ र नेपाल बीमक सङ्घका अध्यक्ष, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका अध्यक्षतथा प्रमुख कार्यकारी अधिकृत, पेशागत बीमा अभिकर्ता सङ्घका महासचिव, बीमा सर्भेयर सङ्घका अध्यक्ष, पुनर्बीमा ब्रोकरका प्रतिनिधिहरु र संचारकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले गर्नुभएको थियो ।



नेपाल बीमा प्राधिकरणको ५६औं वार्षिकोत्सव समारोहमा सहभागीहरू ।

## नेपाल बीमा प्राधिकरणको ५६औं वार्षिकोत्सवका अवसरमा प्रभातफेरी कार्यक्रम

### बीमा कम्पनीहरुले कहिल्यै धोका दिँदैनन् भन्ने विश्वास स्थापित गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको ५६औं वार्षिकोत्सवका अवसरमा यही २०८१ साल वैशाख ३१ गते काठमाडौंमा प्रभातफेरी कार्यक्रम आयोजना गरिएको छ ।

काठमाडौंको भद्रकालीबाट विहान ७ बजे शुरू भएको प्रभातफेरी र्‍याली बीमा सम्बन्धी जानकारीमूलक सन्देशहरू अङ्कित ब्यानरहरू प्रदर्शन गर्दै सुन्धारा, एनएसी, रत्नपार्क हुँदै भृकुटीमण्डपमा पुगेर सभामा परिणत भएको थियो ।

सभालाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले सबैको प्रयासमा सफलताका साथ अगाडि बढिरहेको बीमा बजारको भविष्य उज्ज्वल रहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा कम्पनीहरूले न्यून आय भएका र विपन्न बर्गलाई लक्षित गरी गाउँ गाउँमा सेवा विस्तार गर्नुपर्छ, नागरिकमा बीमा गर्ने बानी बसाल्न पहल गर्नुपर्छ, बीमा विश्वासिलो बजार हो, बीमा कम्पनीले कहिल्यै धोका दिँदैनन् भन्ने विश्वास स्थापित गर्नुपर्छ, कम्पनीहरूले आफूलाई परिमार्जन गरेर आफ्ना कामहरूका बारेमा आमरूपमा जानकारी गराउनुपर्छ ।”

बीमा कम्पनीका राम्रा काममा प्राधिकरणको सधैं साथ र समर्थन रहने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले निर्देशिका, मार्गदर्शन जारी गर्नुभन्दा अगाडि बीमकहरूको सुझाव लिने गरेको बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “सरकारका नीति, रणनीति र पञ्चवर्षीय योजनामा बीमा प्रवर्द्धनका विषय समावेश हुनु आवश्यक छ, भूकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूबाट सिर्जना हुने जोखिम विरूद्ध आर्थिक सुरक्षण गर्न पूर्वाधारहरू लगायत सबै सरकारी सम्पत्तिको बीमा गर्न सरकारबाट पहल हुने विश्वास छ ।”



प्रभातफेरी कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवाल, कार्यकारी निर्देशक, निर्देशक र कर्मचारीहरू तथा बीमकका प्रमुख कार्यकारी अधिकृत र कर्मचारीहरू ।

नेपाल बीमा प्राधिकरणका संचालक समितिका सदस्य कपिल देव ओलीले प्राधिकरण, बीमक लगायत सम्बद्ध सबैको प्रयासमा बीमा व्यवसाय व्यवस्थित, विकसित र समृद्ध हुँदै अगाडि बढिरहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले ग्रामीण क्षेत्रसम्म बीमा सेवा विस्तार गर्न तथा न्यून आय भएका र विपन्न बर्गलाई बीमाको दायरामा ल्याउन जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले गर्नुभएको थियो ।

प्रभातफेरी कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक लगायत कर्मचार हरूका साथै नेपाल बीमक संघ, नेपाल निर्जीवन बीमक संघ, बीमा सर्भेयर संघ र पेशागत बीमा अभिकर्ता संघका पदाधिकारीहरू, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघु बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू सहित कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# नेपाल बीमा प्राधिकरणको ५६औं वार्षिकोत्सव

## पुरस्कार, प्रमाणपत्र, पदक तथा ट्रफी वितरण

नेपाल बीमा प्राधिकरणको ५६ औं वार्षिकोत्सवका अवसरमा प्राधिकरणको केन्द्रीय कार्यालय र प्रादेशिक कार्यालयहरूद्वारा बीमा सम्बन्धी निबन्ध प्रतियोगिता र खेलकूद प्रतियोगिताका साथै रक्तदान कार्यक्रम आयोजना गरिएका छन् ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले यही २०८१ साल वैशाख ३१ गते प्राधिकरणको केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुरमा आयोजित कार्यक्रममा प्राधिकरणका कर्मचारीहरूबीच भएको महिला र पुरूष तर्फका फूटबल प्रतियोगिताहरूमा विजयी खेलाडीहरूलाई पदक तथा ट्रफी वितरण गर्नुभयो ।

अध्यक्ष सिलवालले सातवटै प्रदेशमा भएको बीमा सम्बन्धी निबन्ध प्रतियोगितामध्ये बागमती प्रदेशबाट प्रथम स्थान हासिल गरेका प्रतियोगीलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो ।

अध्यक्ष सिलवालले प्राधिकरणमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

यसैगरी, प्राधिकरणको कोशी प्रदेश कार्यालयद्वारा कोशी प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालयका कर्मचारीहरूको सहभागितामा विराटनगरमा फूटबल प्रतियोगिता आयोजना गर्नुका साथै नेपाल रेडक्रस सोसाइटी, मोरङ्गसँगको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

यस्तै, प्राधिकरणको कर्णाली प्रदेश कार्यालयद्वारा प्रादेशिक कार्यालयका कर्मचारीहरूका साथै कर्णाली प्रदेशस्थित बीमकका कर्मचारीहरूको सहभागितामा सुर्खेतको वीरेन्द्रनगरमा स्लो बाइक/स्कुटी प्रतियोगिता र फूटबल प्रतियोगिता आयोजना गरिएको छ ।

प्रतियोगितामा विजयी प्रतिस्पर्धीहरूलाई यही २०८१ साल जेठ १ गते वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री महेन्द्र के.सी.ले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

## डिजिटल बीमालेख सम्बन्धी छलफल एवम् अन्तर्क्रिया

### बीमकहरुले आगामी १५-२० वर्षसम्मलाई हुनेगरी नयाँ सफ्टवेयर संचालनमा ल्याउनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले हिमाल, पहाड र तराई मधेशका आवश्यकताका आधारमा फरक फरक बीमालेख ल्याउन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणले डिजिटल बीमालेख मार्गदर्शन जारी गर्न लागेको सन्दर्भमा यही २०८१ साल वैशाख २४ गते काठमाडौंमा आयोजित डिजिटल बीमालेख सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बजारको समग्र अनुसन्धान गरी नागरिकका आवश्यकता अनुसार नयाँ बीमालेख ल्याउन निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "भविष्य अनिश्चित छ, विपद्को जोखिम सधैं हुन्छ, जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्ने एकमात्र माध्यम भनेको बीमा हो, संसद्, संसदीय समिति, सरकार, राजनीतिक दल लगायत सबैले बीमाका बारेमा बुझेपछि मात्र बीमा क्षेत्रको विकास र पहुँच विस्तारले तीब्रता पाउँछ, त्यसतर्फ सबै लाग्नुपर्छ ।"

बीमा क्षेत्रमा सूचना प्रविधिको अधिकतम् प्रयोग गरी लागत न्यून गर्न र सेवा प्रवाहलाई छिटोछरितो बनाउनका लागि आगामी १५-२० वर्षसम्मको आवश्यकतालाई धान्ने गरी नयाँ सफ्टवेयर संचालनमा ल्याउन बीमा कम्पनीहरूलाई

निर्देशन दिनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "प्राधिकरण क्रमिकरूपमा डिजिटलाइजेशनमा अगाडि बढिरहेको छ, बीमा कम्पनीहरूले पनि लगानी बढाएर नयाँ सफ्टवेयर संचालनमा ल्याउनुपर्छ, कम्पनीका आ-आफ्ना विशेषताहरूलाई सम्बोधन गर्ने गरी नयाँ सफ्टवेयर ल्याउन बीमकका सङ्घहरू अग्रसर हुनुपर्छ, प्राधिकरणले कागजात नस्वीकार्ने निर्णय गरेपछि बाध्य भएर कम्पनीहरू डिजिटलाइजेशनमा जानुपर्ने अवस्था आउनसक्छ ।"

अध्यक्ष सिलवालले लघुबीमा कम्पनीहरूलाई न्यून आय भएका वर्ग र पिछडिएका क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्न इजाजतपत्र दिइएको स्पष्ट गर्नु भयो । अध्यक्ष सिलवालले भन्नुभयो, "लघुबीमा कम्पनीहरू इजाजतको परिधिभित्र रहनुपर्छ, न्यून आय भएका वर्ग र पिछडिएका क्षेत्रलाई नै लक्षित गरी काम गर्नुपर्छ, फरकखालका नयाँ बीमालेख ल्याउनुपर्छ, बीमाशुल्क सस्तो हुनुपर्छ, दाबी भुक्तानी छिटोछरितो हुनुपर्छ ।"

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा कम्पनीहरूले खोजमूलक अध्ययन अनुसन्धान गरेर नयाँ नयाँ बीमालेखहरू ल्याउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै नयाँ बीमालेखबाट बीमाको दायरा बढ्ने र बीमा कम्पनीप्रतिको धारणा पनि राम्रो हुने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले आगामी वर्ष धेरै क्षेत्रमा व्यापकरूपमा डिजिटलाइजेशनमा जाने प्राधिकरणको तयारी रहेको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा कम्पनीहरूले पर्याप्त अध्ययन अनुसन्धान गरी बीमालेख ल्याएमा मात्र बीमालेखको बिक्री बढ्ने, बीमित सन्तुष्ट हुने र बीमाप्रतिको विश्वसनीयता समेत बढ्ने बताउनुभयो ।

नेपाल जीवन बीमक सङ्घका अध्यक्ष पोषक राज पौडेलले बीमा कम्पनीहरू डिजिटलरूपमा अगाडि बढ्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले जीवन बीमालेख स्वीकृतिमा देखिएका समस्या तथा चुनौती सम्बन्धी प्रस्तुती गर्नुहुँदै बजार अध्ययन गरी नयाँ नयाँ बीमालेख प्रचलनमा ल्याउन बीमा कम्पनीहरूलाई आग्रह गर्नुहुँदै कोडिङ्ग सम्बन्धी व्यवस्थाले बीमालेख स्वीकृतिका लागि आवेदन दिने, स्वीकृति दिने, बीमालेख जारी गर्ने लगायतका कार्य सहज हुने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक राम कोजुले बीमालेख कोडिङ्ग तथा डिजिटल बीमालेख सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

## बीमालेख कोडिङ्गको शुभारम्भ

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले कम्प्युटर प्रणालीका माध्यमबाट हरेक बीमालेखलाई कोडिङ् नम्बर दिने कार्य 'बीमालेख कोडिङ्ग' को २०८१ साल बैशाख २४ गते काठमाडौंमा शुभारम्भ गर्नुभएको छ ।

बीमालेख कोडिङ्गको कार्यान्वनबाट प्रत्येक बीमालेखको छुट्टाछुट्टै कोड नम्बर हुने, कम्प्युटर प्रणालीबाट नै कोड नम्बर तय हुने, प्राधिकरण र बीमा कम्पनीका वेभसाइटबाट कोड नम्बरका आधारमा बीमालेखबारे समग्र जानकारी प्राप्त गर्न सकिने सुविधाहरू प्राप्त हुनेछन् ।

कार्यक्रममा जीवन बीमा कम्पनी र लघुबीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा बीमालेख शाखाका प्रमुखहरूको सहभागिता रहेको थियो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल बीमालेख कोडिङ्गको शुभारम्भ गनुहुँदै ।

## नववर्ष २०८१ सालको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम

### बीमकहरू विश्वसनीय, जवाफदेही र पारदर्शी किसिमले अगाडि बढ्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरू कानूनको परिपालना गर्दै विश्वसनीय, जवाफदेही र पारदर्शी किसिमले अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल चैत ३० गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा आज आयोजित 'नववर्ष २०८१ सालको शुभकामना आदान-प्रदान कार्यक्रम' लाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले प्रत्येक बीमा कम्पनीले गन्तव्य तय गरी सोही अनुसार नीति, रणनीति र कार्यक्रम बनाई गन्तव्यमा पुग्नेगरी कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "समग्र बीमा उद्योगलाई अघि बढाउन विश्वसनीयता कायम हुनुपर्छ, विगतका उपलब्धीको दिगोपनामा जोड दिनुपर्छ, सहकार्यलाई बढी प्रभावकारी बनाउनुपर्छ, सेवाको लागत घटाउन र दक्षता अवभिवृद्धि गर्न व्यापकरूपमा नविनतम् प्रविधि अवलम्बन गर्नुपर्छ, कमी कमजोरीलाई दोहोरिन दिनु हुँदैन ।"

अध्यक्ष सिलवालले बीमकहरूबाट प्राप्त सुझावहरू समेतका आधारमा प्राधिकरणले नीति निर्देशनहरू तयार गर्ने गरेको उल्लेख गर्नुहुन्दै बीमित, बीमक लगायतको हितमा के गर्नुपर्छ भन्ने सम्बन्धमा सुझाव लिने तयारी भइरहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै छिटोछरितो रूपमा बीमा दाबी भुक्तानी र गुणस्तरीय सेवा प्रवाहबाट नागरिकको विश्वास जित्न सकिने र बीमाको दायरा पनि फराकिलो हुँदै जाने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशील देव सुवेदी तथा निर्देशक पूजन ढुङ्गेल अधिकारी, नेपाल बीमक सङ्घ र नेपाल जीवन बीमक सङ्घका अध्यक्ष, विभिन्न बीमा कम्पनी तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

## नेपाल बीमा प्राधिकरणको नयाँ वेभसाइटको शुभारम्भ

### बीमा कम्पनीहरूले डिजिटलाइजेशनलाई प्राथमिकता दिनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्राधिकरणको नयाँ वेभसाइटको शुभारम्भ गर्नुभएको छ ।

प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा यही २०८० साल चैत ३० गते आयोजित एक कार्यक्रममा अध्यक्ष सिलवालले नयाँ वेभसाइटको शुभारम्भ गर्नुहुँदै प्राधिकरणले नविनतम् प्रविधिमा जोड दिनेक्रममा नयाँ वेभसाइट संचालनमा ल्याएको बताउनुभयो ।

अध्यक्ष सिलवालले आगामी साउन १ गतेदेखि प्राधिकरणका काम, कारवाही र सेवा प्रवाह डिजिटलरूपमा हुने जानकारी दिनुहुँदै बीमा कम्पनीहरूले पनि डिजिटलाइजेनमा प्राथमिकता दिनुपर्ने र कम्पनीका सबै गतिविधिहरू पारदर्शी हुनुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले प्राधिकरणका काम, कारवाही लगायत समग्र विषयमा नयाँ वेभसाइटबाट जानकारी प्राप्त हुने बताउनुहुँदै आगामी दिनमा प्राप्त हुने सुझाव र आवश्यकताका आधारमा वेभसाइटलाई परिमार्जन गर्दै लगिने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुङ्गेल अधिकारीले नयाँ वेभसाइटबाट प्राधिकरणको केन्द्रीय कार्यालयका साथै प्रादेशिका कार्यालयका समग्र गतिविधिका बारेमा जानकारी प्राप्त गर्न सकिने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा प्राधिकरणका कर्मचारीहरू र बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

प्राधिकरणको नयाँ वेभसाइटमा नेपाली र अङ्ग्रेजी भाषामा जानकारी प्राप्त गर्न सकिने र अनलाइन गुनासो सुनुवाई तथा च्याटबोटको व्यवस्थाका साथै बीमा सन्देश, बीमा साक्षरता लगायतका सामग्रीहरू समावेश रहेका छन् ।

## "बीमा गरेपछि दाबी भुक्तानी पाइन्छ, ढुक्क भएर बीमा गरौं : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल चैत २७ गते मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह, प्राधिकरणका निर्देशक दिनेश कुमार लाल तथा अतिथीहरू ।

कार्यक्रममा प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले आगामी बजेटमा बीमा शीर्षकमा बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै जनकपुरधाममा बीमा कम्पनीको क्षेत्रीय कार्यालय स्थापना गर्न आग्रह गर्नुभयो ।

प्रमुख साहले नागरिकहरूलाई आफ्नो जीवन, घर, सम्पत्ति, कृषिबाली र पशुपन्छीको बीमा गरेर आर्थिक सुरक्षण गर्न आग्रह गर्नुहुँदै दाबी भुक्तानी प्रक्रियालाई सरल एवम् सहज बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले उपमहानगरपालिकाले राहत लागि छुट्याएको बजेटबाट न्युन आय भएका विपन्न बर्गको बीमा गर्ने व्यवस्था गर्न र उपमहानगरपालिको भवन तथा सम्पत्तिको बीमा गरेर बीमाको शुरूवात गर्न आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा गरेपछि दाबी भुक्तानी पाइन्छ, नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूको नियमन गर्दै आएको छ, दाबी भुक्तानी नपाएमा प्राधिकरणमा उजुरी गर्न सकिन्छ, सबैले ढुक्क भएर बीमा गरौं ।"

अध्यक्ष सिलवालले बीमा क्षेत्र हेर्ने गरी सम्पर्क व्यक्ति तोक्न उपमहानगरपालिकालाई आग्रह गर्नुहुँदै मधेश प्रदेशमा बाढी, आगलागी लगायतको जोखिम बढी हुने भएकाले घर, सम्पत्ति, कृषिबाली तथा पशुपन्छीको बीमा गरी आर्थिक सुरक्षण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा कार्यक्रम संचालन गर्नुहुँदै बीमाको महत्व, दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको अवस्था, विद्यमान चुनौती, बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले दाबी भुक्तानी दिन आलटाल गर्ने गरेको, कतिपय बीमा कम्पनीले दाबी भुक्तानी दिन एक वर्षसम्म लगाउने गरेको, कम्पनीहरूले पटक पटक नियम परिवर्तन गर्ने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी शाह, वडा अध्यक्ष तथा सदस्य र कर्मचारी, नेपाली बीमा प्राधिकरणको मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्मा, उद्योगी व्यवसायी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका कर्मचारी, महिला समूह र अगुवा कृषकहरू लगायत गरी करिव २५० जनाको सहभागिता रहेको थियो ।

## मधेश प्रदेशका अर्थमन्त्रीसँग बीमा सम्बन्धी छलफल

### प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा बीमालाई समावेश गर्न अध्यक्ष सिलवालको सुझाव

मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवसँग नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले बीमा सम्बन्धी समसामयिक विषयमा छलफल गर्नु भएको छ ।

यही २०८० साल चैत २७ गते जनकपुरधाममा मधेश प्रदेशका अर्थमन्त्री यादवसँग मधेश प्रदेशमा बीमाको आवश्यकता, बीमा बजारको विद्यमान अवस्था, देखिएका चुनौती, बीमा क्षेत्रको विकास र पहुँच विस्तारमा प्रदेश सरकारको भूमिका लगायतका विषयमा छलफल भएको हो ।

त्यस अवसरमा मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले बीमा क्षेत्रको विकास एवम् पहुँच विस्तारका लागि आवश्यक व्यवस्था गरिने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले मधेश प्रदेशमा बीमाको पहुँच न्यून रहेको उल्लेख गर्नुहुँदै प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा बीमालाई समावेश गरी बीमा क्षेत्रको विकास र एवम् विस्तारलाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

त्यस अवसरमा मधेश प्रदेश सचिव सुवास चन्द्र शिवाकोटी, नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लाल, प्राधिकरणको मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्मा लगायतको सहभागिता रहेको थियो ।

## बीरगञ्जमा संचारकर्मीहरुसँग बीमा सम्बन्धी अन्तरक्रिया

### बीमाका बारेमा बुझाउन र पहुँच बढाउन संचार माध्यमको महत्वपूर्ण भूमिका हुन्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रको विकास र पहुँच वृद्धिका लागि संचार माध्यमहरूको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल चैत २९ गते बीरगञ्जमा मधेश प्रदेशका विभिन्न जिल्लामा कार्यरत संचारकर्मीहरूसँग भएको बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रूपमा रहेको बीमा क्षेत्रलाई समेत प्राथमिकता दिन संचारकर्मीहरूसँग आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमाबाट जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न सकिन्छ, सरकारले चन्दा र राहतको व्यवस्था गर्नुभन्दा नागरिकको जीवन र सम्पत्तिको बीमा गर्ने कार्यक्रम ल्याउनु आवश्यक छ, बीमा गरेपछि बीमा कम्पनीले नै क्षतिपूर्ति प्रदान गर्छन्, बीमाबाटै गरीब तथा विपन्न बर्गको जीवनस्तर उकास्न सकिन्छ, बीमाका बारेमा बुझाउन र पहुँच बढाउन संचार माध्यमहरूको महत्वपूर्ण भूमिका हुन्छ ।"

अध्यक्ष सिलवालले संचार माध्यममा आउने बीमा सम्बन्धी समाचार हरूबाट बीमा सम्बन्धी नीति, रणनीति बनाउन सहयोग पुग्ने उल्लेख गर्नुहुँदै संचारकर्मीहरूका लागि बीमा सम्बन्धी तालिम, अन्तर्क्रिया लगायतका कार्यक्रम संचालन गर्न आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरिने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले प्राधिकरणका काम, कारवाही र नियामकीय भूमिका, बीमाको पहुँच, बीमा बजारको अवस्था, बीमा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र बीमा क्षेत्रको विकास तथा पहुँच वृद्धिमा संचार माध्यमको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा संचारकर्मीहरूले नेपाल बीमा प्राधिकरणले संचारकर्मीहरूका लागि नियमितरूपमा तालिम तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्नुपर्ने, बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि संचारकर्मीहरूसँग समन्वय गरी अगाडि बढ्नुपर्ने, बीमा सम्बन्धी ठगी र बद्मासी नियन्त्रण गर्न प्राधिकरणले नियमन र अनुगमनमा कडाइ गर्नुपर्ने, भोजपुरी र मैथिली भाषामा समेत बीमा सम्बन्धी प्रचार प्रसार गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, जिल्ला शाखाका पदाधिकारीहरू, बारा, पर्सा र रौतहत जिल्लाका विभिन्न संचार माध्यमका संचारकर्मी र ती जिल्ला कार्यक्षेत्र रहेका संचारकर्मीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले गर्नुभएको थियो ।

## मधेश प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया

# बीमालेख जारी भएकै स्थानबाट दाबी फछ्र्यौटको व्यवस्था गर्नु आवश्यक छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा यही २०८० साल चैत २६ गते बीमकका प्रदेश, शाखा तथा उपशाखा कार्यालयका प्रमुख र कर्मचारी तथा बीमा अभिकर्ताहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमालाई बढी विश्वासिलो बनाउनका लागि बीमालेख जारी भएकै स्थानबाट दाबी फछ्र्यौटको व्यवस्था गर्नु आवश्यक भएको बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “आर्थिक सहायताबाट समस्या समाधान नभई क्षणिक खुशी प्राप्त हुन्छ, बीमाबाट मात्र समग्र समस्याको समाधान हुन्छ, गरीबी निवारणमा सहयोग पुग्छ, दैनिक दुई कप चिया कम गरेर त्यसबाट बचत हुने रकमले बीमा गरेमा भविष्य सुनिश्चित हुन्छ, यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।”

सरकारबाट बीमा नियमावली स्वीकृत भएपछि नेपाल बीमा प्राधिकरण बीमा क्षेत्रको समग्र विकासका लागि अझै सशक्तरूपमा अगाडि बढ्ने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले पुनर्बीमा बापतको रकम प्राप्त नभए पनि त्यसलाई आम्दानी मानेर बीमा कम्पनीहरूले मुनाफा खान नपाउने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “प्राधिकरणबाट जारी निर्देशनहरू बीमा कम्पनीहरूले पालना गर्नुपर्छ, प्रदेश कार्यालयहरूलाई अधिकारसम्पन्न बनाउनुपर्छ, कम्पनीहरूले इनोभेशनमा



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, प्राधिकरणका निर्देशक दिनेश कुमार लाल तथा अतिथीहरू ।

लगानी गर्नुपर्छ, कम्पनीहरू कानून बाहिर गएमा प्राधिकरणले हस्तक्षेप गर्छ ।”

जनकपुर उपमहानगरपालिकाका वडा नं. १० का वडाध्यक्ष मिथिलेश कर्णले बीमाको पहुँच न्यून रहेको मधेश प्रदेशमा बीमाको विकास एवम् विस्तारका लागि नेपाल बीमा प्राधिकरणका अध्यक्षले लिनुभएको अग्रसरता सह्राहनीय रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा क्षेत्रको विद्यमान अवस्था, निरीक्षण प्रतिवेदन, जोखिमांकन, संस्थागत सुशासन, सूचना प्रविधि, प्रदेश कार्यालयको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुका साथै कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।


कार्यक्रममा सहभागीहरूले प्रदेश, शाखा तथा उपशाखा कार्यालयका गुनासाहरूको सुनुवाई नभएको, अतिरिक्त समय काम गरे वापतको पारिश्रमिक नपाएको, तालिम नदिएको, प्रदेश कार्यालयहरूमा कामको प्रकृति अनुसार शाखागत व्यवस्था नगरिएको, प्रमुख कार्यकारी अधिकृतको निकटका बाहेक अन्य कर्मचारीहरूको नौ दश वर्षसम्म पनि पदोन्नति नभएको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

यसैगरी, कर्मचारीहरूले कम्पनी छोडेर जाँदा पाउनुपर्ने रकम समयमैं नपाएको, केही जीवन बीमा कम्पनीले ल्याएको वार्षिक बीमा फिर्ता योजनाबाट चार पाँच वर्षमा सरेण्डरमा गएमा ऋणात्मक हुने अवस्था रहेको, बैदेशिक म्यादि जीवन बीमामा देखिएको समस्याको समाधानका लागि वेटिङ्ग पिरियड १८० दिनबाट कम गरी ९० दिन कायम गर्नुपर्ने देखिएको लगायतका धारणा समेत उहाँहरूले राख्नुभएको थियो ।


कार्यक्रममा मधेश प्रदेशका धनुषा, सप्तरी, सिरहा, महोत्तरी र सर्लाही जिल्लास्थित बीमा कम्पनीका प्रदेश, शाखा तथा उपशाखा कार्यालयका प्रमुख र कर्मचारी तथा बीमा अभिकर्ताहरू लगायत गरी दुईसय जनाभन्दा बढीको सहभागिता रहेको थियो ।


# आ.व. २०८०/८१ को बैशाख मसान्तसम्मको विवरणको आधारमा


## सक्रिय रहेको बीमालेखको संख्या





## जीवन बीमाको पहुँच (४३.५६%)









## कुल बीमाशुल्क संकलन




## प्रदेशगत बीमाशुल्क संकलन (रु. अर्बमा)



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# बीमा क्षेत्रको २०८१ बैशाख महिनासम्मको विवरण

| सि.नं | सूचक | २०८० बैशाख मसान्तसम्म | २०८१ बैशाख मसान्तसम्म | परिवर्तन % |
|---|---|---|---|---|
| १ | जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक*) | ५,५२३,७०७ | ५,५७८,२५९ | ०.९९ |
| २ | म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६,८३६,३८२ | ६,३०६,०५० | (७.७६) |
| ३ | बैदेशिक रोजगार बीमालेख संख्या | १,५२३,२६८ | २,०७०,२६२ | ३५.९१ |
| ४ | **कुल जीवन बीमालेख संख्या** | **१३,८८३,३५७** | **१३,९५४,५७१** | **०.५१** |
| ५ | **कुल निर्जीवन बीमालेख संख्या** | **२,३५०,६५२** | **२,४७८,७२७** | **५.४५** |
| ६ | प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | २३३,२७८.८० | २४३,३५५.९८ | ४.३२ |
| ७ | नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ९०७,८१८.६५ | ९७१,२५८.७५ | ६.९९ |
| ८ | **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **१,१४१,०९७.४४** | **१,२१४,६१४.७३** | **६.४४** |
| ९ | **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **३२६,८९६.११** | **३३०,६८७.५६** | **१.१६** |
| १० | **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **१,४६७,९९३.५५** | **१,५४५,३०२.२९** | **५.२७** |
| ११ | **जीवन बीमा दावी भुक्तानी संख्या** | **१४५,५९०** | **१६१,६४९** | **११.०३** |
| १२ | **जीवन बीमा दावी भुक्तानी रकम रु.लाखमा** | **२४५,४९२.१६** | **२९७,२११.३४** | **२१.०७** |
| १३ | **निर्जीवन बीमा दावी भुक्तानी संख्या** | **१३९,३२९** | **११८,५१२** | **(१४.९४)** |
| १४ | **निर्जीवन बीमा दावी भुक्तानी रकम रु.लाखमा** | **२०१,१३९.९५** | **१३६,४७४.२८** | **(३२.१५)** |
| १५ | बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा (*म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक*) | १७.२६ | १७.२८ | |
| १६ | बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (*म्यादि र लघु म्यादि जीवन बीमालेख सहित*) | ३८.६३ | ३६.८१ | |
| १७ | **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (*म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित*)** | ४३.६४ | ४३.५६ | |
| १८ | जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,९०१ | १,८३१ | (३.६८) |
| १९ | निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,०१४ | १,१२२ | १०.६५ |
| २० | **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९१५** | **२,९५३** | **१.३०** |
| २१ | जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,७०५ | ५,८३८ | २.३३ |
| २२ | निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,५८१ | ५,८२० | ४.२८ |
| २३ | **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **११,२८६** | **११,६५८** | **३.३०** |

**नोट:** *१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

*२. लघु जीवन बीमा कम्पनीको विवरण जीवन बीमामा र लघु निर्जीवन कम्पनीको विवरण निर्जीवन बीमामा समावेस गरी गणना गरिएको।*

## बीमकहरूले आन्तरिक नियन्त्रण प्रणालीमा सुशासन कायम गर्नुपर्छ : कार्यकारी निर्देशक पौडेल

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल बैशाख १८ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा बीमकहरूका परिपालन अधिकृतहरूसँग परिपालन सम्बन्धी समग्र विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमकहरूले बीमा व्यवसाय संचालन गर्दा प्रत्येक त्रैमासमा परिपालन प्रतिवेदन प्राधिकरणमा पेश गर्दा देखिएका कमी कमजोरी तथा सुधार गर्नुपर्ने विषयहरूमा परिपालन अधिकृतहरूका राय सुझावहरू लिन कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा ऐन, नियम र प्राधिकरणबाट जारी निर्देशिका तथा निर्देशनहरू बमोजिम सुशासनमा रहेर काम गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमकहरूले आन्तरिक नियन्त्रण प्रणालीमा सुशासन कायम गर्नुपर्ने, बीमा दाबी भुक्तानी छिटोछरितो बनाउनुपर्ने र कारवाहीको अवस्था नआउने गरी काम गर्नुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमकका परिपालन अधिकृतहरूले जति राम्रो काम गऱ्यो त्यति नै कम्पनीलाई सशक्त र सुरक्षित बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले कम्पनीका काम कारवाही, ऐन, नियम, निर्देशिका र निर्देशनको परिपालनको अवस्था लगायत समग्र विषय समेटेर परिपालन अधिकृतहरूले प्रतिवेदन तयार गरी प्राधिकरणमा बुझाउनुपर्ने बताउनुभयो । साथै, उहाँले बीमकहरूले सम्पत्ति शुद्धीकरण हेर्ने अलग्गै कार्यान्वयन अधिकारी राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक शाम्भराज लामिछानेले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा, उपनिर्देशक विरोध भट्टले बीमा दाबी फछ्र्यौट सम्बन्धमा र उपनिर्देशक नील



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

प्रसाद लामिछानेले सुशासन सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका परिपालन अधिकृतहरूको सहभागिता रहेको थियो ।

## साझा यातायातका बसमा बीमा सम्बन्धी स्टिकर

नेपाल बीमा प्राधिकरण र साझा यातायातको सहकार्यमा साझा यातायातका बसहरुमा बीमा सम्बन्धी जानकारीमूलक सन्देशहरु उल्लेखित स्टिकरहरू टाँसिएका छन् ।

बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौं उपत्यकाका विभिन्न रूटहरुमा चल्ने साझा यातायातका बसहरूमा बीमा सन्देशहरु भएका स्टिकरहरू टाँसिएको हो ।

यसबाट बीमा सम्बन्धी सचेतना अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।



## कोशी प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमा कम्पनीहरुले एउटा मात्र पशुको बीमा गर्न नमानेको गुनासो

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८० साल फागुन र चैतमा कोशी प्रदेशको झापा जिल्लाका बाह्रदशी गाउँपालिका तथा झापा गाउँपालिका र इलाम जिल्लाका माइ नगरपालिका तथा देउमाई नगरपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**बाह्रदशी गाउँपालिका**सँग फागुन २९ गते आयोजित कार्यक्रममा सहभागीहरुले बीमा कम्पनीहरुले बालीहरुको बीमा गर्न आनाकाना गर्ने गरेको, पशुपन्छीलाई लगाउने खोपको कार्ड उपलब्ध नहुँदा बीमा गर्न नपाएको, समयमा नै बीमा दाबी भुक्तानी नपाएको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

**झापा गाउँपालिका**सँग फागुन ३० गते भएको कार्यक्रममा सहभागीहरुले सानो बीमा लिन जाँदा बीमा रकमभन्दा बढी खर्च गर्नुपर्ने बाध्यता रहेको, बीमा कम्पनीहरुले मकैको बीमा गर्न आनाकानी गर्ने गरेको, एउटा मात्र पशुको बीमा गर्न नमानेको, बीमा गर्ने प्रक्रियाका बारेमा जानकारी नपाएको लगायतका धारणाहरु राख्नुभएको थियो ।

**माई नगरपालिका**सँग चैत १ गते आयोजित कार्यक्रममा सहभागीहरुले बीमितको मृत्यु भएको अवस्थामा दाबी भुक्तानी दिन बीमा कम्पनीहरुले असहयोग गर्ने गरेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, बीमा अभिकर्ताले बीमाशुल्क समयमा नै कम्पनीमा नपाएको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

**देउमाई नगरपालि**सँग चैत २ गते भएको कार्यक्रममा सहभागीहरुले कृषि तथा पशुपन्छी बीमामा समस्या रहेको, बीमा गर्ने प्रक्रियाका बारेमा थाहा नभएको, बीमाको किस्ता तिर्नुपर्ने मितिका बारेमा जानकारी नदिने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्षहरुले बीमा दाबी भुक्तानीलाई सरल र सहज बनाउन नेपाल बीमा प्राधिकरणले आवश्यक कदम चाल्नुपर्ने र नियामकीय भूमिकालाई अझै प्रभावकारी बनाउनुपर्ने बताउनुभएको थियो ।

कार्यक्रमहरुमा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले बीमा मार्फत जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न सकिने भएकाले बीमा सम्बन्धी नीति तर्जुमा गरी न्यून आय भएका र विपन्न बर्गको बीमा स्थानीय तहले नै गरिदिने व्यवस्था गर्न र घर तथा सम्पत्ति बीमालाई अनिवार्य गर्न सुझाव दिनुभयो ।

प्राधिकरणका उपनिर्देशक निशा घिमिरेले बीमा दाबी भुक्तानीलाई सरल र छिटो बनाउन र कृषि तथा पशुपन्छी बीमा व्यवसायलाई व्यवस्थित बनाउन पहल भइरहेको जानकारी दिनुभयो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, बीमा कम्पनीका शाखा कार्यालय प्रमुख, कृषि तथा पशु प्राविधिक, बुद्धिजीवि, कृषक, सरोकारवाला निकायका प्रतिनिधि र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

---

## बागमती प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी कार्यक्रम

नेपाल बीमा प्राधिकरणको आयोजना मिति २०८० साल चैतमा बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका, दोलखा जिल्लाको बैतेश्वर गाउँपालिका र रामेछाप जिल्लाको मन्थली नगरपालिकासँग बीमा सम्बन्धी छलफल एम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**बलेफी गाउँपालिका**सँग चैत २० गते भएको कार्यक्रममा प्रमुख अतिथि बलेफी गाउँपालिकाका अध्यक्ष गंगा बहादुर तामाङले बीमाको प्रवर्द्धन र पहुँच वृद्धिका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**बैतेश्वर गाउँपालिका**सँग चैत २१ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि बैतेश्वर गाउँपालिकाका उपाध्यक्ष कल्पना उप्रेतीले बीमा सम्बन्धी जनचेतना अभिवृद्धि, बीमाको पहुँच विस्तार र बीमा सम्बन्धी विषयमा सहजीकरणका लागि नेपाल बीमा प्राधिकरणको सहयोगको अपेक्षा गर्नुभयो ।

**मन्थली नगरपालिका**सँग चैत २२ भएको कार्यक्रममा प्रमुख अतिथि मन्थली नगरपालिकाका प्रमुख लब श्रेष्ठले नगरपालिकाको आगामी आर्थिक वर्षको बजेटमा बीमा शीर्षकमा बजेट विनियोजन गर्ने र सामूहिक बीमाको बीमाशुल्कमा अनुदान दिने व्यवस्था गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ती कार्यक्रमहरुमा प्राधिकरणका उपनिर्देशक श्रद्धा श्रेष्ठले बीमाको महत्व, बीमा गर्दा ध्यान दिनुपर्ने विषय, बीमा दाबी प्रक्रिया, बीमाको विकासमा स्थानीय तहको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरुमा सहभागीहरुले बीमा दाबी प्रक्रिया झन्झटिलो रहेको, बीमा दाबी भुक्तानीमा ढिलाई हुने गरेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, पशु बीमातर्फ दाबीका लागि फोटो र तीन मिनेटको भिडियो क्लिप समावेश गर्नुपर्ने प्रावधान व्यवहारिक नभएको, पशुको मूल्य निर्धारण र बाली विशेषको मूल्याङ्कनमा प्राविधिक समस्याहरु रहेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मारी, कृषि तथा पशु विज्ञ, शिक्षक, बीमा कम्पनीका प्रतिनिधि र व्यवसायीहरु लगायतको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# न्यून आय भएका बर्ग र विपन्न बर्गलाई बीमाको दायरामा ल्याउन कार्यक्रम ल्याउने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल बैशाखमा दाङ जिल्लाका राप्ती गाउँपालिका तथा गढवा गाउँपालिका र प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**राप्ती गाउँपालिका**मा बैशाख १७ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले आगामी आर्थिक वर्षको बजेटमा स्थानीय मजदूर बर्गका लागि दुर्घटना बीमा गर्न बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**गढवा गाउँपालिका**मा बैशाख १८ गते भएको कार्यक्रममा प्रमुख अतिथि गढवा गाउँपालिकाका अध्यक्ष यम नारायण शर्मा पोखरेलले न्यून आय भएका बर्ग र विपन्न बर्गलाई बीमाको दायरामा ल्याउन आगामी बजेट मार्फत कार्यक्रम ल्याउने जानकारी दिनुभयो ।

**स्वर्गद्वारी नगरपालिका**मा बैशाख २० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि स्वर्गद्वारी नगरपालिकाका प्रमुख टेक प्रसाद भण्डारीले आगामी आर्थिक बर्षको बजेटमा नगरपालिकाका कर्मचारीहरुको दुर्घटना बीमा गर्ने कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक राजेन्द्र महर्जनले बीमा दाबी सम्बन्धी सर्वसाधारणका गुनासाहरुलाई सम्बोधन गर्नका लागि प्राधिकरणले बीमा कम्पनीहरुलाई प्रदेश तथा शाखा कार्यालयबाट नै दाबी भुक्तानी दिने व्यवस्था गर्न निर्देशन दिएको जानकारी दिनुभएको थियो ।

प्राधिकरणका तथ्याङ्कशास्त्री बसन्त बोहराले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरुमा सहभागीहरुले कृषि बीमा गर्न असहज भएको, पशुको बीमाङ्क रकम निर्धारण विधि व्यवहारिक नभएको, बीमा दाबी भुक्तानी झन्झटिलो भएको, दाबी प्रक्रिया लामो भएको, जीवन बीमा अभिकर्ताले विभिन्न प्रलोभन देखाएकार बीमा गराउने गरेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरू, सहकारी संस्थाका पदाधिकारी, शिक्षक, बीमा कम्पनीका प्रतिनिधि र कृषकहरु लगायतको सहभागिता रहेको थियो ।

# प्रादेशिक कार्यालयका गतिविधि

## कोशी प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# कृषकहरुमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिन आग्रह

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८० साल चैतमा कोशी प्रदेशको ताप्लेजुङ जिल्लाको पाथिभरा याङवरक गाउँपालिका, पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिका र तेह्रथुम जिल्लाको आठराई गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

**पाथिभरा याङ्वरक गाउँपाकिला**सँग चैत १६ गते भएको कार्यक्रममा प्रमुख अतिथि पाथिभरा याङवरक गाउँपालिकाका अध्यक्ष केशर कुमार सुब्बाले न्यून आय भएका र विपन्न बर्गका परिवारहरुको बीमा गाउँपालिकाले नै गरिदिने सम्बन्धमा छलफल भइरहेको जानकारी दिनुभयो । साथै, उहाँले कृषकहरुमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिन र अलैंची बालीको बीमा गर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

**हिलिहा गाउँपालिका**सँग चैत १८ आयोजित कार्यक्रममा प्रमुख अतिथि हिलिहाङ गाउँपालिकाका अध्यक्ष समर बहादुर अधिकारीले गाउँपालिकाले बीमा सम्बन्धी नीति तर्जूमा गरी बीमाको विकास र विस्तारमा पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले कृषि बीमामा गाउँपालिकाले समेत अनुदान दिँदै आएको उल्लेख गर्नुहुँदै कृषि सम्बन्धी ससाना क्षेत्रलाई समेत बीमामा समेट्न अमग्रह गर्नुभयो ।

आठराई गाउँपालिकासँग चैत १९ गते भएको कार्यक्रममा आठराई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत निरज शर्माले बीमाको विकास र विस्तारका लागि नीतिगत रुपले अगाडि बढ्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै जोखिम विरुद्ध आर्थिक सुरक्षा गर्न बीमा महत्वपूर्ण रहेको बताउनुभयो ।

ती कार्यक्रमहरुमा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरुमा सम्बन्धित गाउँपालिका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, व्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## कोशी प्रदेशस्थित बीमकका शाखा प्रमुखहरुसँग अन्तर्क्रिया

### बीमा कम्पनीका शाखा कार्यालयमा कर्मचारीहरु कम रहेको गुनासो

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८० साल चैत २ गते कोशी प्रदेशस्थित बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख तथा कर्मचारीहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमकका शाखा प्रमुख तथा कर्मचारीहरुले शाखा कार्यालयमा कर्मचारीहरु कम रहेको, दाबी भुक्तानीको अधिकार नहुँदा दाबी भुक्तानी दिन नपाएको, कर्मचारीहरुको पोशाक भत्ता कटौती गरेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

यसैगरी, चैत ४ गते झापा जिल्लास्थित दिपजन माध्यमिक विद्यालयमा विद्यार्थीहरुसँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयका प्रधानाध्यापक लक्ष्मी प्रसाद उप्रेतीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी र कक्षा ९ र १० का विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

## मधेश प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### बीमालाई प्राथमिकता दिने र नागरिकको जोखिम पहिचान गरी बीमा गरिदिने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल वैशाखमा सर्लाही जिल्लाको हरिवन नगरपालिका, बारा जिल्लाको बारागढी गाउँपालिका तथा कोल्हवी नगरपालिका, पर्सा जिल्लाको जिराभवानी गाउँपालिका र धनुषा जिल्लाको जनकनन्दनी गाउँपालिकासँग तथा मिति २०८० चैतमा बारा जिल्लाको पचरौता नगरापालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**हरिवन नगरपालिका**सँग वैशाख १६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले नगरपालिकाले बीमालाई प्राथमिकता दिई बीमाको पहुँच वृद्धि हुनेगरी कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**बारागढी गाउँपालिका**सँग वैशाख १४ गते भएको कार्यक्रममा प्रमुख अतिथि बारागढी गाउँपालिकाका अध्यक्ष अशोक कुमार जयसवालले सानो सानो रकम बचत गरी बीमा गरेर आर्थिक सुरक्षण गर्न आग्रह गर्नुहुँदै आगामी दिनमा गाउँपालिकाले बीमालाई प्राथमिकता दिने बताउनुभयो ।

**कोल्हवी नगरपालिका**सँग वैशाख ११ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कोल्हवी नगरपालिकाका प्रमुख राम प्रसाद चौधरीले आगामी आर्थिक वर्षदेखि राहत अनुदानका कार्यक्रमभन्दा पनि नागरिकको जोखिम पहिचान गरी बीमा गरिदिने व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले कृषिबीमालाई समेत सहयोग पुग्ने गरी बजेट तथा कार्यक्रम ल्याउने जानकारी दिनुभयो ।

**जिराभवानी गाउँपालिका**सँग वैशाख २३ गते भएको कार्यक्रममा प्रमुख अतिथि जिराभवानी गाउँपालिकाका उपाध्यक्ष रेखा चौधरीले बीमाको पहुँच बृद्धिका लागि वडास्तरमा पनि बीमा सचेतना कार्यक्रम गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै गाउँपालिकाले बीमाको दायरा विस्तारलाई प्राथमिकता दिने बताउनुभयो ।

**जनकनन्दिनी गाउँपालिका**सँग वैशाख ३० आयोजित कार्यक्रममा प्रमुख अतिथि जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष दिपिन देव यादवले आगामी आर्थिक वर्षको बजेटमा बीमा शीर्षकमा बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**पचरौता नगरपालिका**सँग चैत ६ गते भएको कार्यक्रममा प्रमुख अतिथि पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंह जैसवारले बजारको आवश्यकता अनुसार बीमालेख ल्याउनुपर्ने, बीमालेखको विविधीकरण गर्नुपर्ने र बीमा क्षेत्रमा नविनतम् प्रविधि भित्र्याएर अन्तर ष्ट्रियस्तरको सेवा दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले बीमालाई प्राथमिकता दिन र भौतिक संरचना तथा विपन्न बर्गको बीमा गरिदिएर बीमा अभियान शुरू गर्न स्थानीय तहहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रमहरूमा जीवन बीमा, निर्जीवन बीमा र लघुबीमा बारेको जानकारी, बीमाको आवश्यकता र महत्व, बीमा दाबी प्रक्रिया, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धमा प्राधिकरणको मधेश कार्यालयका तर्फबाट प्रस्तुती गरिएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रनिधि तथा कर्मचारी, अगुवा कृषक, बीमा कम्पनीका शाखा कार्यालयका कर्मचारी र नागरिक समाजका अगुवाहरू लगायतको सहभागिता रहेको थियो ।

## गण्डकी प्रदेशमा विद्यार्थीहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८० साल चैत ७ गते पोखरा विश्वविद्यालय, स्कुल अफ विजनेशमा अध्ययनरत एम.बी.ए. पहिलो वर्षका विद्यार्थी र चैत २३ गते कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**पोखरा विश्वविद्यालय, स्कुल अफ विजनेश**मा भएको कार्यक्रममा प्रमुख अतिथि स्कुल अफ विजनेशका निर्देशक प्रा. सिर्जन ज्ञवालीले विद्यालयमा गरिने बीमा सम्बन्धी कार्यक्रमबाट विद्यार्थीहरूले बीमाका बारेमा जानकारी पाउने र बीमा पहुँच वृद्धिमा सहयोग पुग्ने बताउनुभयो ।

**प्राकृतिक स्रोत व्यवस्थापन कलेज**मा भएको कार्यक्रममा प्रमुख अतिथि सो कलेजका प्रधानाध्यापक प्रा.डा. दुर्गा देवकोटाले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी विद्यार्थीहरूलाई कृषिबीमा लगायत बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

ती कार्यक्रमहरूमा बीमा शिक्षाको आवश्यकता, बीमा बजारको विद्यमान अवस्था, बीमाको विकास तथा विस्तारमा विद्यार्थीहरूको भूमिका, कृषि क्षेत्रको विकासमा बीमाको योगदान र बीमा क्षेत्रमा कृषि प्राविधिकहरूको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालको अध्यक्षतामा भएको ती कार्यक्रमहरूमा बीमा दलाल र बीमा मध्यस्थकर्ता बन्ने प्रक्रिया, कृषिबीमा गर्ने विधि, बीमामा कृषि प्राविधिकको आवश्यकता, बीमा दाबी भुक्तानी प्रक्रिया, बीमा मार्फत आर्थिक सबलीहरण लगायतका सम्बन्धमा विद्यार्थीहरूबाट जिज्ञासाहरू राखिएको थियो ।

कार्यक्रममा सम्बनिधत कलेजका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## कर्णाली प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### कृषि तथा पशुपन्छी बीमा प्राविधिकरुपमा जटिल रहेको र बीमाङ्कमा एकरुपता नभएको गुनासो

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल वैशाखमा दैदेख जिल्लाका चामुण्डाविन्द्रासैनी नगरपालिका र नारायण नगरपालिका तथा मिति २०८० साल चैतमा डोल्पा जिल्लाका शे-फोक्सुण्डो गाउँपालिका र काइके गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**चामुण्डाविन्द्रासैनी नगरपालिका**सँग वैशाख २१ भएको कार्यक्रममा प्रमुख अतिथि चामुण्डाविन्द्रासैनी नगरपालिकाका प्रमुख गणेश कुमार शाहीले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमालाई प्राथमिकतामा राखिने र बीमा मार्फत किसानहरुलाई राहत पुग्ने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**नारायण नगरपालिका**सँग वैशाख २० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि नारायण नगरपालिकाका प्रमुख लोमन शर्माले नगरपालिकाको आगामी आर्थिक वर्षको बजेटमा बीमा शीर्षकमा बजेट विनियोजन गर्ने र बीमाको विकास तथा पहुँच वृद्धिका लागि सम्बन्धित निकायहरुसँग सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**शे-फोक्सुण्डो गाउँपालिका**सँग चैत १८ गते भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति, डोल्पाका अध्यक्ष श्याम बहादुर रोकायले बीमा केका लागि गर्ने, किन गर्ने र कसरी गर्ने भन्ने विषयमा बुझेर मात्र बीमा गर्न आग्रह गर्नुभयो ।

**काइके गाउँपालिका**सँग चैत १६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि काइके गाउँपालिकाका अध्यक्ष अंगद कुमार रानाले कृषि बीमाका लागि बीमा कम्पनीहरु नआएको भन्नुहुँदै त्यसतर्फ नेपाल बीमा प्राधिकरणको ध्यानाकर्षण गर्नुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा सम्बन्धी कुनै समस्या परेमा र बीमा क्षेत्रमा विसङ्गतीहरु देखिएमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रमहरुमा सहभागीहरुले बीमा कम्पनीहरुले कृषि बीमा गर्न नमानेको, कृषि तथा पशुपन्छी बीमामा प्राविधिकरुपमा जटिल रहेको, बीमाङ्कमा एकरुपता नभएको, दाबी भुक्तानी झन्झटिलो रहेको, बीमा कहाँ र कसरी गर्ने भन्ने थाहा नभएको लगायत घर बीमा, स्वास्थ्य बीमा र जीवन बीमा सम्बन्धी जिज्ञासाहरु राख्नुभएको थियो ।

ती कार्यक्रमहरुमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, शिक्षक, अगुवा कृषक, कृषि प्राविधिक, विभिन्न सङ्घ संस्थाका प्रतिनिधि र बीमा कम्पनीका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवसायीसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल वैशाख १० गते सुर्खेतमा प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवसायीसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, बीमामा हुने जालसाजी तथा झुठ्ठा विवरण, घटना प्रकृति मुचुल्का तयार गर्दा ध्यान दिनुपर्ने विषय र बीमा सम्बन्धी व्यवहारिक समस्याका बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि सुर्खेतका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले गाडीधनीले गाडी बेच्ने तर पास नगर्ने, बीमा कम्पनीले बीमा गरिदिने भनेर रकम लिने तर बीमालेख जारी गर्ने, यातायात व्यवसायीले घटना भइसकेपचि मात्र सवारीसाधनको बीमा गर्ने जस्ता प्रवृत्तिले बीमा क्षेत्रमा समस्या निम्त्याएको बताउनुभयो ।

उहाँले नागरिकलाई बीमालेखका बारेमा राम्रारी बुझाएर मात्र बीमालेख जारी गर्न र दाबी भुक्तानी समयमैं दिन आग्रह गर्नुभयो ।

कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले घटना भइसकेपछि मुचुल्का बनाउँदा विशेष ध्यान दिन र निष्पक्ष रुपमा दुर्घटना प्रमाणित गरेर बीमितलाई बीमा दाबी गर्न सहज गर्न प्रहरीहरुलाई निर्देशन दिनुभयो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले सानो रकमबाट ठूलो सम्पत्तिको जोखिम रक्षवरण हुने भएकाले कर्णालीका गाउँ गाउँमा बीमाको पहुँच पुऱ्याउन सम्बन्धित सबैले जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कर्णाली प्रदेश कार्यक्षेत्र भएका प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायी, बीमा कम्पनीका प्रतिनिधि, बीमा सरोकारवाला र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय समाचार

## This Spanish city wants to be the first in Europe tointroduce mandatory bike insurance for cyclists

The move is part of a growing backlash in Spain and Europe against cyclists that has seen new bike paths removed and allegations of cities misusing EU funding.

Zaragoza city council announced last week that it wants to make insurance mandatory for all cyclists and electric scooter users. The measure was proposed by the far-right party Vox and agreed to by the conservative People's Party (PP). They say they want to end the 'legal uncertainty' when a cyclist is involved in an accident.

If the measure passes, the northeastern Spanish city would be the first in Europe to force **cyclists** to take out civil liability insurance. Cyclists slam proposed mandatory insurance, **Cycling** organizations have come



out strongly against the idea. "Zaragoza would be an exception in the world," Colectivo Pedalea, a protest group of **urban cyclists**, says. It questions the legality of such a move and is calling for the councilor behind it to resign.

Laura Vergara, a manager at Conbici, a cycling advocacy group in Spain, tells Euro news Green that it is a disproportionate measure as there are "no accident statistics that demonstrate the need to provide mandatory insurance." She says that most people are already covered for bike accidents through other policies, like their home insurance, and that it would disincentivize environmentally friendly forms of travel.

**How much will the insurance cost cyclists?**

If the measure goes through, insurers estimate it would cost around €20 per year for cyclists. But it is not clear if it will get final approval. PP and Vox put it in the city's mobility ordinance announced last week. This ordinance is now open for a 30 day public consultation period before it can be formally adopted. PP Councillor José Miguel Rodrigo has said that the text "is not definitive" and is open to changes, Spanish newspaper Heraldo reported. Vergara believes that "the unviable measure that has generated a great public uproar and confusion among people" will not pass. Euronews Green reached out to PP for comment on the backlash and the calls for its councillor to resign but had not received a response at the time of publication.

**Where else in Europe requires insurance for cyclists?**

Switzerland previously had a form of mandatory insurance for cyclists but it was abolished in 2012 and most insurers have automatically included liability for bicycle accidents in their personal liability insurance. Nowhere else in Europe requires it. Whether Zaragoza's plan passes or not, critics say it is yet another symbol of the escalating culture war in Spain and other parts of Europe against sustainable transport and environmental planning policies.

**Why are cities removing cycle lanes?**

A lot of backlash in Spain is focused on a climate law passed in 2021 that made it mandatory for every city to introduce low-emission zones. To do this and to improve sustainable transport infrastructure, the EU provided €1.5 billion in funding. However, some right-wing-controlled city councils are refusing to fully implement the law. Valladolid has even spent hundreds of thousands of euros to remove new cycle lanes in the city to accommodate cars. This has led the European Commission to open a preliminary investigation into the potential misuse of funds.

Spain's Minister for the Environment Teresa Ribera said on Thursday that the elimination of bike lanes is "a direct attack on the quality of life of those cities." She claimed it was happening "for dogmatic, ideological and random reasons" and that those cities will have to return the EU funding.

**Where else in Europe have cycle paths become controversial?**

Outside of Spain there have also been controversies over green transportation measures. Conservative UK prime minister Rishi Sunak pledged to stop "anti-car measures" in British cities last year as part of his bid to end the 'war on motorists'. A government press release on the plans said they will look into how "to prevent schemes which aggressively restrict where people can drive."

In Berlin, there have been similar arguments. Last year the centre-right Christian Democrats (CDU) came to power in the city as the leading partner in a coalition with the centre-left SPD and started to halt cycle lane projects to save car parking spaces. In a statement earlier this year, the campaign group Changing Cities decried the situation.

"Not a single bus lane was built in 2023, tram projects have been put on hold, the expansion of cycle paths has been slowed down and now they are being replanned to be more car-friendly," it said. "The SPD and CDU promised us a functioning city - what we got was dirty air and dangerous streets." The political wrangling and debate show no sign of slowing down in these countries. Meanwhile, over 300,000 premature deaths are caused by air pollution in Europe every year.

## Sri Lanka: Regulator introduces Optional Compensation Scheme for auto accident victims



The Insurance Regulatory Commission of Sri Lanka (IRCSL) has introduced an Optional Compensation Scheme (OCS) through licensed general insurance companies to provide compensation to third-party victims of motor vehicle accidents or their legal heirs.

The regulator said, "It's important to note that despite the introduction of this new scheme, the existing legal avenues to seek compensation remain unaffected."

Implemented since 1 March

2024, this approach —which the IRCSL describes as a ground-breaking move—was developed in collaboration with the Ministry of Transport and Highways and other key stakeholders in the transport sector. It signifies a noteworthy shift in the insurance landscape, demonstrating IRCSL's commitment to address the needs of third-party accident victims in a more efficient and compassionate manner.

Compensation is provided by the licensed general insurance company that has insured the motor vehicle involved in the accident, at least by a third-party motor insurance cover.

To obtain compensation, applicants must complete the designated application form contained in a circular (No. 03 of 2024) issued by IRCSL, along with specified information, and submit it to the relevant insurance company that has insured the motor vehicle involved in the accident, within six months of the death or permanent disability caused by the accident.

Compensation will be paid to the victim or his/her legal heirs. In case of death, the legal heirs will receive LKR500,000, while those facing permanent disability may receive up to LKR500,000, subject to the limits outlined in the circular. It's worth noting that to qualify for compensation, the death or permanent disability must result from the motor vehicle accident and occur within 12 months of the accident.

The regulator also said, "This initiative showcases the IRCSL's dedication to providing timely and meaningful support to accident victims and their families. If the compensation provided under this scheme is insufficient, victims or their heirs have the right to pursue legal action to seek appropriate compensation."

## Pakistan: Regulator begins digitizing licensing and regulatory approvals for insurance




The Securities and Exchange Commission of Pakistan (SECP) has entered the second phase of its end-to-end digital transformation and automation project, LEAP (Leading Efficiency through Automation Prowess), thereby automating its regulatory approvals and licensing regime.

Phase 2A begins with the automation of licensing and regulatory approvals of insurance. This is to be followed by the end-to-end automation of non-banking finance companies, the Securities Market and other companies.

In the initial phase of LEAP, the SECP successfully launched its new corporate registry, "eZfile," which is an advanced, sophisticated and user-friendly online portal for company registration and post-incorporation filings. Under LEAP, the SECP has identified key business processes that need to be reviewed, documented, re-engineered and automated.

The main focus of this end-to-end process automation and digital transformation is to facilitate the ease of doing business, to enable meeting compliance requirements through lowering costs and to introduce efficiencies in turnaround times while accomplishing transparency and internal accountability.

## Thailand: Regulator orders 23 EV insurers to submit risk management plan



The Office of the Insurance Commission (OIC) has ordered the 23 insurers that offer products covering electric vehicles (EVs) to submit their risk management plans for this nascent line of business.

The deadline for submission of the plans is early June 2024. Among the details required in the plans are the risk management methods used, the impact of the risk on the companies' capital,

and the risk level at which the insurers would stop offering EV coverage.

The regulator also urged the insurers to price their products to reflect EV-related risks, warning them against engaging in a price war and exhorting them to focus on quality services instead.

Local media have reported Mr Apakorn Panlert, assistant secretary-general in the OIC's Insurance Product Supervision Division, as having indicated that when an insurer submits its risk management plan to the OIC, the regulator would review the plan and assess whether it is accurate, appropriate, and complete or not.

"If any point is missing, we will notify you and we can give you additional consideration. More importantly, the OIC will monitor the situation and capital position of each company on a monthly basis," he said. He said that some insurers have been competing for EV insurance business by reducing premiums. Detecting this, the OIC had invited the insurers involved to meet its officials for a talk. Mr Apakorn said that to date, more than 100,000 EV insurance policies have been issued.

## General insurance body outlines AI-related risks and opportunities

Strengthening protections around AI must start with sharpening or otherwise adjusting existing regulatory frameworks, says the Insurance Council of Australia (ICA). In a submission to the Senate Select Committee on Adopting Artificial Intelligence, the ICA gave an insurance perspective on the opportunities and impacts from Australia arising out of the uptake of AI technologies.

Mr Andrew Hall, ICA CEO and managing director, said in the submission, "Any consideration of new legislation must be based on a clear cost-benefit analysis and comprehensive regulatory impact statement that identifies a regulatory gap." He said that the insurers have well-established frameworks to identify and mitigate risk. These risk management frameworks mean the insurance industry is well positioned to deploy AI to improve consumer outcomes while successfully navigating the risks.

Nevertheless, there are new AI-driven risks that insurers are navigating. Two examples of risks to insurers posed by AI are:

- Fraud: The use of generative AI to augment photographs that are in turn, used fraudulently to inflate insurance claims.
- Operations: Commercial sensitive data such as proprietary information uploaded to a public AI model may then be shared elsewhere by the model. Similarly, prompt engineering used to train an AI model could potentially reveal sensitive information in situations where it should not otherwise be available.

However, AI also provides opportunities to enhance outcomes for insurance consumers. Some high-level generic-use cases for AI in the insurance industry are outlined as follows.



Affordability: AI offers opportunities to reduce costs in the claims fulfilment process as well as to identify and reduce risk with customers.

Vulnerability: AI can assist insurers to review more customer interactions, with greater consistency for vulnerability identification than can be achieved through manual checks.

Service delivery: AI can assist insurers to review more claims and identify those claims that need intervention. AI can also help claims handling teams extract information quicker and accelerate the claims process.

Natural disasters: In processing natural disaster claims, AI can deliver faster assessments of individual insured properties as well as help insurers secure temporary accommodation, building materials, and labour.